बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)

Children as Zones of Peace National Campaign (CZOP)

नयाँ बानेश्वर, थापागाउँ

०१ ५२४४०६२


# राजनीतिक गतिविधिमा बालबालिका प्रयोगविरुद्ध सिजपको विज्ञप्ती

आज मिति २०८० मंसिर १८ गते स्कुलका बालबालिकालाई लाइनमा राखेर केपी बा हाई हाई शीर्षकमा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित समाचारप्रति यस बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) को गम्भीर ध्यानाकर्षण भएको छ। प्रकाशित समाचारमा यही मिति २०८० मंसिर १७ गते आइतबार विद्यालय चलिरहेकै बेलामा अछामको पञ्चदेवल विनायक नगरपालिकाको विद्यामन्दिर नमूना माविका विद्यार्थीले स्कुल पोशाकमै आएर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पक्षमा नाराबाजी गरेको तर विद्यालय प्रशासनले यसको बचाउ गर्न खोजेको उल्लेख छ। यस घटनाले एकातिर बालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यता स्थापनाका लागि नेपालले गरेको संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाको धज्जी उडाएको छ भने अर्कोतिर सुरक्षित तथा संरक्षित वातावरणमा बालबालिका हुर्कन तथा पढ्न पाउने अधिकारको गम्भीर उल्लंघन भएको छ।

नेपालको कानुनी व्यवस्थाहरूले बालबालिका तथा विद्यालयको दलगत राजनीतिक प्रयोग तथा परिचालनलाइ निषेधित गरेको विदितै छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (८) मा कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउने नहुने कानूनी व्यवस्था रहेको छ ।यसैगरी दफा ६६ को उपदफा (२) (छ) बमोजिम राजनीतिक प्रयोजनका लागि बालबालिकालाई संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने कार्यलाई बालबालिकाविरुद्धको कसूर मानिएको छ र यस्तो कसूर गर्ने जो सुकैलाई दफा ७२ को उपदफा (३) खण्ड (ख) बमोजिम पचहत्तर रुपैया सम्म जरिवाना र तीन वर्षसम्म कैदको सजाय तोकिएको छ। विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने उद्देश्य लिएको छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद ३ दफा २१ (त) मा राजनीतिक गतिविधिमा बालबालिकालाई प्रयोग गर्न नहुने स्पष्ट व्यवस्था उल्लेख भएको छ। यस परिप्रेक्ष्यमा माथि उल्लेखित घटना बालबालिकाको हित तथा कानून विपरित रहेकोले सो कार्यलाई तत्काल सच्च्याउन तथा आगामी दिनमा कुनैपनि राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारबाट विद्यालय वा बालबालिकाको प्रयोग गरी राजनीतिक गतिविधि सञ्चालन नगर्ने सुनिश्चितता तथा प्रतिवद्धताका लागि यस अभियान सम्बद्द सबै पक्षहरुसँग हार्दिक अनुरोध गर्दछ।

साथै, बालबालिका र विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यताप्रति जुनसुकै परिस्थितिमा पनि प्रतिवद्ध रहन बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) सबै पक्षहरुसँग आग्रहसमेत गर्दछ ।

मीना शर्मा
अध्यक्ष

तिलोत्तम पौडेल
महासचिव

मिति २०८० मंसिर १८ गते